**Tuesday 28-10-25**

मुख्य समाचार।

- प्रधानमन्त्रीले देशका युवाहरूलाई विकसित भारत प्रश्नोत्तर प्रतियोगिता-मा भाग लिने गर्नुभयो आग्रह
- केन्द्रीय मन्त्रीमण्डलले आठौं केन्द्रीय वेतन आयोगको कार्यक्षेत्रलाई दिएकोछ स्वीकृती
- सड़क परिवहन र राजमार्ग मन्त्रीले राष्ट्रीय राजमार्गहरूको निर्माणमा **अस्सी लाख टन** भन्दा अधिक **अपशिष्ट** सामग्रीको उपयोग गरिएको दिनुभयो जानकारी
- नौसेना प्रमुख **एडमिरल**-ले हिन्द-प्रशान्त क्षेत्रमा क्षेत्र-विशिष्ट पहल र समुद्री क्षमतामा वृद्धिको आवश्यकतामा दिनुभयो बल, अनि
- जम्मू कश्मीर **गान्दरबलको सोनमर्गमा** सड़क दुर्घटनामा छ जना पर्यटक घाइते

**पीएम-वीबीवाईएलडी**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशका युवाहरूलाई विकसित भारत प्रश्नोत्तर प्रतियोगिता -मा भाग लिने आग्रह गर्नुभयो । एउटा सोशल मीडिया पोस्टमा, श्री मोदीले भन्नुभयो दोस्रो विकसित भारत युवा नेतृत्व सम्वाद देशका युवाहरूका लागि राष्ट्र निर्माणमा योगदान दिने रामो अवसर हो। उहाँले भन्नुभयो, युवाहरूको विचार र अन्तरदृिष्टीले विकसित भारतको निर्माणको मार्ग प्रशस्त गर्न सक्छ । मानिसले यस महीनाको एकतिस तारीख सम्म प्रश्नोतरीमा भाग लिन सक्नेछन् भने विकसित भारत पश्नोतरी प्रतीयोगीता अगिलो

साल दस देखी बाह्र जनवरी सम्म आयोजित गरिनेछ।

**संशो राष्ट्रपति-आईएसए**

राष्ट्रपति द्रौपदी मुर्मुले जलवायु परिवर्तन सम्म निपट्नका लागि तत्काल र ठोस कदम उठाउने आवश्यकतामा बल दिनुभयो । उहाँले भन्नुभयो, यस समस्याले पूरा विश्व प्रभावित हुँदैछ । आज नयाँ दिल्लीमा अन्तर्राष्ट्रीय सौर गठबन्धन-आई.एस.ए सभाको आठौँ सत्रलाई सम्बोधन गर्दै राष्ट्रपतिले भन्नुभयो, भारत जलवायु परिवर्तनसम्म निपट्नका लागि प्रतिबद्ध छ र यस दिशामा दृढ़ कदम उठाइरहेकोछ । उहाँले भन्नुभयो, भारत र विश्व भरीका सभ्यताहरू लामो समयदेखी सूर्यलाई जीवन र ऊर्जाको परम स्रोतका रूपमा मानिरहेका छन् । सबका लागि सौर ऊर्जाको सरकारको पहलको उल्लेख गर्दै राष्ट्रपतिले भन्नुभयो, यो पहल यस अवधारणामा आधारित छ , सूर्यको ऊर्जा सबका लागि सुलभ छ र कुनाएक-को होइन ।

**कैबिनेट-निर्णय**

केन्द्रीय मन्त्रीमण्डलले आठौं केन्द्रीय वेतन आयोगको कार्यक्षेत्रलाई स्वीकृती दिएकोछ । आज नयाँ दिल्लीमा सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णवले मन्त्रीमण्डलको बैठक पछि सम्वाददाताहरूलाई बताउनुभयो, आयोगले आफ्नो गठनको तिथीदेखी अठाह्र

महीनाको भित्रमा आफ्नो सिफारिश दिनेछ । उहाँले बताउनुभयो आयोगमा एकजना अध्यक्ष, एकजना अङ्शकालिक सदस्य र एकजना सदस्य-सचिव हुनेछन् । मन्त्रिमण्डलले रबी सीजन दुई हजार पचिस – छब्बीसका लागि **फस्फेटिक र पोटाशिक** उर्वरकहरूमा पोषक तत्व आधारित सबसीडी दरलाई पनि स्वीकृति दिएको छ ।

श्री वष्णवले बताउनुभयो, मन्त्रीमण्डलले रबी दुई हजार पचिसका लागि लगभग सत्तिस हजार नौ सय बाउन्न करोड़ रुपियाँको सब्सीडीलाई स्वीकृती दिएको छ । यो दरहरू पहिलो अक्टुबर देखी लागू हुनेछ। उहाँले भन्नुभयो, यसले किसानलाई सब्सीडी भएको, किफायती र उचित मूल्यमा उर्वरकको उपलब्धता सुनिश्चित हुनेछ ।

**बिहार चुनाव प्रचार**

बिहारमा विधानसभा चुनाव प्रचार **भइरहेको छ** । राज्यमा पहिलो चरणका लागि छ नवेम्बरमा मतदान हुनेछ । राष्ट्रीय जनतान्त्रिक गठबन्धन-एन.डी.ए र महागठबन्धनका घटक दलले मतदाताहरूलाई आकर्षित गर्ने हरसम्भव कोशिश गरिरहेका छन् । **आर.जे.डी** नेता तेजस्वी यादवले एन.डी.ए-को सङ्कल्प, एजेन्डा र मुख्यमन्त्री पदको उम्मीदवारको नाममा प्रश्न उठाउनुभयो । अर्कोतर्फ, लोक जनशक्ति पार्टी-रामविलासका प्रमुख र केन्द्रीय मन्त्री चिराग पासवानले भन्नुभएकोछ, जब उहाँ सत्तामा आउनुहुनेछ, तब

सबैलाई उनीहरूको क्षमताका आधारमा प्रतिनिधित्व मिल्नुपर्छ । उहाँले आर जेडीमा केवल एउटा परिवारका लागि काम गर्ने आरोप लगाउनुभयो ।

उहाँले भन्नुभयो, उहाँको सरकारको मन्त्र **सबैको साथ, सबैको विकास, सबैको विश्वास र सबैको प्रयास** स्पष्ट छ । जनता दल यूनाइटेडका प्रवक्ता **राजीव रन्जनले** महागठबन्धनमा झूठो प्रतिज्ञा गर्ने आरोप लगाउनुभयो। उहाँले मुख्यमन्त्री नीतीश कुमारको कामको सराहना गर्नुभयो । बिहारमा पञ्चायतीराज मन्त्री **केदार प्रसाद गुप्ताले** भन्नुभयो , एन.डी.ए सरकारले बिहारका जनताका लागि धेरै काम गर्नुभएकोछ।

**गडकरी-सीआईआई सम्मेलन**

सड़क परिवहन र राजमार्ग मन्त्री **नितिन गडकरीले** बताउनुभयो, राष्ट्रीय राजमार्गहरूको निर्माणमा अहिलेसम्म अस्सी लाख टन भन्दा अधिक अपशिष्ट सामग्रीको उपयोग गरिएकोछ । नयाँ दिल्लीमा आज **स्मार्ट सड़कहरूको भविष्य**, विषयमा **सी .आई. आई-को** सम्मेलनमा श्री गडकरीले भन्नुभयो, **इथेनल र मिथेनल** जस्तो जैव ईंधनहरूको प्रयोगले परिवहन क्षेत्रको लजिस्टिक लागतमा पाँचदेखी छ प्रतिशतको कमी आएकोछ । **लजिस्टिक्स** दक्षताको आर्थिक प्रभावमा केन्द्रीय मन्त्रीले भन्नुभयो, लजिस्टिक्स लागत कम हुनदेखी व्यापारलाई बढ़ावा मिल्ने, प्रति व्यक्ति आयमा वृद्धि हुने र आर्थिक

रूपले कमजोर वर्गलाई सहारा मिल्नेछ।

उहाँले भन्नुभयो, वक्कल्पिक जब्र ईंधनको उपयोगले सतत विकासलाई बढ़ावा मिल्नेछ, प्रदूषण कम हुनेछ र कृषि उपजको बढ्दो माङ्ग-ले किसानहरूलाई लाभ हुनेछ । श्री गडकरीले भन्नुभयो, बलियो बुनियादी ढाँचा देशको मेरूदण्ड हो र दुई हजार सताइस सम्म पाँच  ट्रिलियनको अर्थव्यवस्थाको लक्ष्यलाई प्राप्त गर्नका लागि टिकाऊ सड़क विकास महत्वपूर्ण हुन्छ।

**नड्डा-चक्रवात**

केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्री र भारतीय जनता पार्टीका अध्यक्ष जगत प्रकाश नड्डाले पार्टीको क्षेत्रीय इकाइहरूलाई चक्रवात मोन्था प्रभावित, क्षेत्रहरूमा राहत र सहायता कार्यमा शामेल हुने निर्देश दिनुभयो । श्री नड्डाले प्रभावित क्षेत्रमा पार्टीका कार्यकर्ताहरूसङ्ग स्थानीय प्रशासनका साथ तालमेलसङ्ग राहत सामग्री बाढ्ने, चिकित्सा सहायताको व्यवस्था गर्ने र स्वच्छता तथा सफ़ाई  बारे जन जागरूकतालाई बढ़ावा दिने अपील गर्नुभयो । उहाँले पार्टीका कार्यकर्ताहरूलाई चक्रवात प्रभावित क्षेत्रमा मानिसको सुरक्षा, बचाव र आवश्यक सहायता सुनिश्चित गर्नका लागि बूथ स्तरमा काम गर्ने पनि निर्देश दिनुभयो ।

## **नौसेना प्रमुख - हिंद-प्रशांत**

नौसेना प्रमुख **एडमिरल दिनेश के. त्रिपाठी-ले** हिन्द-प्रशान्त क्षेत्रमा क्षेत्र-विशिष्ट पहल र समुद्री क्षमतामा वृद्धिको आवश्यकतामा बल दिनुभयो । आज नयाँ दिल्लीमा हिन्द-प्रशान्त क्षेत्रीय संवादलाई सम्बोधन गर्दै, उहाँले  प्रकाश पार्नुभयो, समुद्री क्षेत्रमा क्षमता निर्माण स्पष्ट हुनुपर्छ, जसलाई  **जलपोत, एयरफ्रेम, बन्दरगाह, रसद श्रृंखला** र औद्योगिक पारिस्थितिकी प्रणालीहरूको सन्दर्भमा व्यक्त गरिनुपर्छ, जसले कुनै राष्ट्रको समुद्रमा उपस्थिति र दृढ़ता बनाइ राख्ने क्षमतालाई बलियो बनाउँछ । समुद्री रणनीति, कूटनीति र सहयोगमा देशका प्रमुख अन्तर्राष्ट्रीय सम्मेलनमा तिस  देशहरूका प्रतिनिधीले  भाग लिरहेका छन् ।

## **जम्मु कश्मीर-दुर्घटना**

जम्मू कश्मीरमा गान्दरबलको सोनमर्ग-मा एउटा सड़क दुर्घटनामा छ जना  पर्यटक घाइते भए । यो दुर्घटना दुई मिनी बस एक आपसमा ठोकिएर भएको हो  । घाइतेहरूलाई तत्काल चिकित्सा सहायताका लागि **सोनमर्ग**-को प्राथमिक स्वास्थ्य केन्द्र लगिएकोछ ।

मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले देशका युवाहरूलाई विकसित भारत प्रश्नोत्तर प्रतियोगिता-मा भाग लिने गर्नुभयो आग्रह
- केन्द्रीय मन्त्रीमण्डल-ले आठौं केन्द्रीय वेतन आयोगको कार्यक्षेत्रलाई दिएकोछ स्वीकृती
- सड़क परिवहन र राजमार्ग मन्त्रीले राष्ट्रीय राजमार्गहरूको निर्माणमा अस्सी लाख टन भन्दा अधिक अपशिष्ट सामग्रीको उपयोग गरिएको दिनुभयो जानकारी
- नौसेना प्रमुख एडमिरल-ले हिन्द-प्रशान्त क्षेत्रमा क्षेत्र-विशिष्ट पहल र समुद्री क्षमतामा वृद्धिको आवश्यकतामा दिनुभयो बल, अनि
- जम्मू कश्मीर **गान्दरबलको सोनमर्गमा** सड़क दुर्घटनामा छ जना पर्यटक घाइते